# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

डुंग्रखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.: ८२४

मिति : २०७८ ०९ २३

**विषय : सूचना सम्बन्धमा ।**

श्री सबै माध्यमिक विद्यालयहरू
बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरको निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना यसैसाथ संलग्न छ । सोही सूचनाबाट व्यहोरा अवगत गरी इच्छुक विद्यार्थीहरूलाई सहभागी हुने व्यवस्था मिलाइदिनुहुन अनुरोध छ ।

२०७८/०९/२३

.............................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा- कार्यालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।



Scanned by CamScanner

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,
## हेटौंडा, मकवानपुर
## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौं स्थापना दिवस-२०७८ (२०७८ माघ २८)को उपलक्ष्यमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताको लागि आव्हान गरिएको छ ।

१. निवन्धको शीर्षकः- निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ ।

२. विद्यार्थी सहभागी हुन पाउने जिल्लाहरुः-रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुर ।

३. प्रतियोगिताका सहभागीः- माथि उल्लेखित १४ वटा जिल्लाका कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु ।

४. निबन्धको शब्द सीमाः- निबन्ध कम्तिमा २००० देखि बढीमा ३००० शब्दमा लेखिएको हुनुपर्नेछ ।

५. निबन्धको भाषाः- निबन्ध नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

६. प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई, हेटौंडालाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी यस कार्यालयमा पठाउनुपर्ने वा इमेल गर्नुपर्नेछ।

७. निबन्ध उपलब्ध गराउने ठेगाना र सम्पर्क नम्बरः-
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुर ।
इमेल ठेगाना: ciaamro@gmail.com, सम्पर्क नम्बर: ०५७-५२१७४४, ०५७-५२१६५५ वा शाखा अधिकृत, श्री नर वहादुर आलेमगर -९८४३९३०३९८

८. निबन्ध पठाउने अन्तिम मितिः- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरुले आफूले लेखेको निबन्ध मिति २०७८ साल पुस ३० गतेसम्म माथि उल्लिखित ठेगानामा आइपुग्ने गरी पठाउन/ इमेल गर्नुपर्नेछ

९. पुरस्कारः प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई देहायबमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

| | |
|---|---|
| क) प्रथमः रु १२,०००।- (बाह्र हजार) | १ जनालाई |
| ख) द्वितीयः रु.९,०००।- ( नौ हजार) | १ जनालाई |
| ग) तृतीयः रु.७,५००।- (सात हजार पाँच सय) | १ जनालाई |
| घ) सान्त्वना- रु.५,०००।- (पाँच हजार) | २ जनालाई |

यो सूचना सम्बन्धि विस्तृत जानकारीको लागि आयोगको वेबसाइट www.ciaa.gov.np मा हेर्न सकिनेछ । प्रथम भएका विद्यार्थी अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल काठमाडौमा मिति २०७८/१०/२६गते संचालन हुने राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगितामा विद्यार्थी स्वयं उपस्थित भई सहभागी हुनुपर्नेछ। उक्त निवन्ध लेखन प्रतियोगिताको शिर्षक पछि उपलब्ध गराईनेछ। निवन्ध लेखनको समय ३घण्टाको हुनेछ।



Scanned by CamScanner